नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

## विज्ञप्ति

चलानी नं.:-

मिति २०८१ साल असोज ११ र १२ गते देशको अधिकांश स्थानमा आएको अतिभारी र भारी वर्षाको कारण सृजित विपद्वाट मानवीय तथा भौतिक सम्पत्तिमा अतुलनीय क्षति हुन गएको छ। यस विपद्वाट ठुलो संख्या परिवारहरु विस्थापित हुनुका साथै आम नागरिकको आर्थिक, सामाजिक जीवनमा अतुलनिय क्षती पुगेको सम्वन्धमा यस मन्त्रालयको गम्भिर ध्यान आकर्षण भएको छ। मुलुकले व्यहोर्नु परेको विपद्को यस विषम परिस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा उद्दार, राहत तथा शीघ्र सामाजिक आर्थिक पुनर्लभिका कृयाकलाप सञ्चालन गर्न विपद् व्यवस्थापनमा कृयाशील विकास साझेदारहरु ( WFP, UNDP, CARE Nepal, NSET, Mercy Corps, DCA, World Vision International,, Oxfam, Plan International, AWO International, FAO Nepal, SFN, NEEDS Nepal, FCA Nepal, ADRA Nepal, USFS, IFRC, नेपाल रेडक्रस सोसाइटी), नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल चेम्वर अफ कमर्स लगायतसंग सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वमा Early Recovery Cluster र CBDRM Platform (Community Base Disaster Risk Management Platform) को वैठक मिति २०८१ असोज १५ गते सम्पन्न भएको छ।

अतिभारी र भारी वर्षाको कारण सृजित विपद्वाट भएको मानवीय क्षति तथा निजी सम्पत्ति र पूर्वाधारको क्षति प्रति दुःख व्यक्त गर्दै ज्यान गुमाउनु हुने व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली, शोकाकुल परिवार र आफन्तजनहरुमा समवेदनाका साथै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरिन्छ ।

खोज, उद्धार र राहत सम्वन्धमा स्थानीय तहमा कृयाशील सरकारी निकाय, विकास साझेदार, गै.स.स., नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र समेतले जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसंगको समन्वयमा एकद्वार प्रणालीवाट खोज, उद्धार र राहत तथा पुर्नलाभका कार्यक्रमहरु संचालन गर्ने साथै विपद्वाट भएको क्षति सम्वन्धमा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तहवाट पूर्ण विवरण माग गरी सरकारी निकाय, विकास साझेदार, गै.स.स., नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र समेतको सहभागितामा विपद्ले प्रभावित सम्पुर्ण परिवारलाई शीघ्र पुर्नलाभका कार्यक्रममा यथाशीघ्र समेटिने व्यहोरा समेत अनुरोध छ।

मितिः २०८१/०६/१५

(सहायक प्रवक्ता)